# फर्म सूची दर्ता गराउने सम्बन्धी सूचना

( प्रथम पटक प्रकाशित मिति २०७३/०४/०२)

कोषको लागि आ.व. २०७३/७४ को लागि आवश्यक पर्ने तपसिलका सामान तथा सेवाहरु आपूर्ति गर्न इच्छुक ईजाजत प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुवाट कर्मचारी सञ्चय कोष (खरिद) नियमावलि,२०६८ को नियम १९ वमोजिम मौजुदा सूची (स्टाण्डिङ्ग लिष्ट) दर्ता गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकासित भएको मितिले १५ दिन भित्र कोषको केन्द्रिय कार्यलय पुल्चोकमा रहेको खरिद शाखामा कार्यलय समयभित्र रितपुर्वक निवेदन पेश गर्नु हुन आव्हान गरिएको छ :

क) आ.व. २०७३/७४ को निमित्त सूचिकृत गरिने विवरण :

**१. खरिद तथा आपुर्ति तर्फ :**

(क) स्टेशनरी (मसलन्द) सामान (ख) छपाई सम्वन्धी कार्य
(ग) कम्प्यूटरउपकरण (कम्प्युटर ,प्रिण्टर,यू.पि.यस.तथा अन्य कम्प्यूटर पार्टस् )
(घ) फ्लोरिङ्ग एण्ड फर्निसिङ्गका सामानहरु (ङ.) पुस्तक तथा पत्र पत्रिकाहरु
(च) अफिस सामान (फोटोकपी मेसिन, फ्याक्स मेसिन लगायत अन्य अफिस सामान)
(छ) विद्युतिय सामान ( जेनेरेटर, Air Condition, CCTV, पंखा, हिटर तथा अन्य सामानहरु)
(ज) कम्प्यूटर सफ्टवेयर (झ) फर्निचरहरु (काठ तथा स्टील दराज, टेवुल, कुर्सी, कम्प्युटर मेच आदि)
(ञ) सवारी साधनहरु

**२. परामर्स तथा सेवा प्रदायक तर्फ**

(क) द्रुत सेवा र ढुवानी सम्वन्धी सेवा (ख) तालिम सेवा
(ग) सम्पत्ति वीमा तथा अन्य वीमा सेवा (घ) सुरक्षा तथा सवारी चालक सेवा
(ङ.) टेलिफोन, विद्युतीय उपकरण तथा अन्य उपकरण सञ्चालन सेवा
(च) सूचना तथा विज्ञापन प्रकासन तथा प्रसारण सेवा (छ) हवाई टिकट(ट्राभल एजेन्सि) सेवा
(ज) लिज लाईन तथा ईन्टरनेट सेवा (झ) परामर्श सेवा (ञ)सर सफाई तथा अन्य सेवा
(ट) खानेपानी आपूर्ति सम्बन्धी (ट्यांकर तथा जारको पानी) (ठ) ट्रान्सलेसन सेवा (नेपली वाट अग्रेजी तथा अग्रजी वाट नेपालीमा रुपान्तरण)

**३. निर्माण तथा मर्मत कार्य तर्फ :**

(क) कम्प्यूटर उपकरण (कम्प्युटर, प्रिन्टर, यू.पी.एस. लगायत अन्य) मर्मत कार्य
(ख) सवारी साधन मर्मत कार्य
(ग) अफिस सामान (फोटोकपी मेसिन, फ्याक्स मेसिन लगायत अन्य अफिस सामान) मर्मत
(घ) विद्युतिय सामान (जेनेरेटर, Air Condition, CCTV, पंखा, हिटर तथा अन्य सामानहरु) मर्मत
(ङ.) फर्निचर मर्मत कार्य (च) भवन मर्मत सम्वन्धी कार्य
(छ) नेटवर्क वायरिङ्ग (केवुलिङ्ग) तथा ईलेक्ट्रीक वायरिङ्ग सम्वन्धी कार्य
(ज) सवारी साधन (टायर, ट्यूव, व्याट्री एवं अन्य पार्टपूर्जाहरु) मर्मत कार्य (झ) अन्य सानोतिनो निर्माण कार्य

**ख ) निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

१. फर्म वा कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपि, (निर्माण व्यवसायीको हकमा व्यवसाय दर्ताको इजाजतपत्र समेतको प्रतिलिपि)
२. मु.अ.क.(VAT) तथा स्थायी लेखा नं. (PAN) को प्रतिलिपि,
३. आ.व. २०७१/७२ को कर चुक्ता प्रमाणपत्र वा आ.व. २०७२/७३ को कर विवरण पेश गरेको कागजातको प्रतिलिपी,
४ कालोसूचीमा नपरेको स्व-घोषणा पत्र,
५. पेशागत र प्राविधिक योग्यता सम्वन्धि कागजातको प्रतिलिपि,
६. विगतको कार्य सम्पादन सम्वन्धि कागजातको प्रतिलिपि
७. आपूर्ति गरेका मालसामानको विक्री पछि सेवा दिन सक्ने प्रत्याभुतिको कागजात
८. पार्टपूर्जाहरु जगेडामा राख्ने प्रत्याभूतिको कागजात
९. अनुभव एवं विशेषज्ञता केही भए सोको प्रतिलिपि

**ग) अन्य जानकारीहरु**

१. एक वा एक भन्दा वढी कार्य तथा सेवाका लागि आवेदन गर्न चाहेमा माग गरेको कागजातहरु संलग्न गरी छुट्टा छुट्टै आवेदन भरी पेश गर्नु पर्नेछ ।
२. प्रत्येक कार्य तथा सेवाका निमित्त सूचीकृत हुनका लागि योग्य हुन आवेदन फाराममा माग गरेको कागजातहरुको आधारमा कोषले निर्धारण गरे वमोजिम हुनेछ ।
३. सूचीकृत हुन कोषले तयार गरेको नमूना वमोजिमको आवेदन भर्नु पर्नेछ ।
४. सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानुन वमोजिम हुने छ ।
५. सेवा आपुर्ति तर्फ व्यक्तिले समेत निवेदन दिन सक्नेछ ।
६. प्राप्त निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कोषमा निहीत रहने छ ।
७. आवेदन गर्ने आपुर्तिकर्ताहरुले आवेदन फाराममा उल्लेख गरिएका सि.नं. १ देखि ४ सम्मका कागजात अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

कर्मचारी सञ्चय कोष
पुल्चोक, ललितपुर
फोन नं. ५०१०१६७